आज मिति २०८०/०३/२७ गते बुधबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति:

| क्र.सं. | दस्तखत | नाम | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्त बहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्च बहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नर बहादुर नेपाल | गा पा प्रबक्ता एवम् वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्र प्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेज बहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बम बहादुर थापा मगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेक माया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंख बहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री जगत प्रसाद भुसाल | सदस्य-सचिब |

अन्य उपस्थिति:

१. उद्गम तिमिल्सिना, लेखा अधिकृत

२. बासु पण्डित, प्रशासन शाखा प्रमुख

# कार्यपालिकाको प्रस्ताव पेश कार्यसूची

बैठक संख्याः २४

अध्यक्षताः श्री दान बहादुर गुरुङ

बैठक मितिः २०८०/०३/२७

बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार ।

बैठक समयः बिहान १०:०० बजे

| क्र.सं. | मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०८०/०३/२७ | १०:०० | योजना तथा कार्यक्रमको भुक्तानी सम्बन्धमा । | आर्थिक प्रशासन शाखा | १ |
| २ | २०८०/०३/२७ | १०:३० | सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धमा । | प्रशासन शाखा | २ |
| ३ | २०८०/०३/२७ | १०:४५ | बीऊ पूँजी परिचालन निर्देशिका, २०८० सम्बन्धमा । | सामाजिक विकास शाखा | ३ |

गाउँपालिका अध्यक्ष

**पूर्व बैठकको समीक्षा**

मिति २०८०।०३।१८ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो ।

**कार्यपालिका बैठकको निर्णयहरुः**

१. यस गाउँपालिकाको आ.व. २०७९।०८० मा स्वीकृत बार्षिक बजेटमा उल्लेख भई विनियोजन भएका विभिन्न योजना तथा कार्यक्रमहरुको खर्च मिति २०८०।०३।२४ गते राती १२:०० बजेसम्म गोश्वारा भौचर स्वीकृत भइसकेको साथै सोही राती १२:०० बजेपछि EFT हुन बाँकी सम्पूर्ण खर्चहरु Failure Due to End of F/Y भई EFT Cancel भएको कारणबाट बैंक मौज्दात रहेको सङ्घीय र प्रदेश सरकारबाट हस्तान्तरण भई आएका कार्यक्रम तथा योजनाहरु समेत खर्च भएको तर भुक्तानी नभएको, भुक्तानी रिभर्स गर्दा हस्तान्तरित योजना तथा कार्यक्रमहरुको भुक्तानी हुन नसकी कार्यालयलाई थप आर्थिक दायित्व उत्पन्न हुने साथै चालु प्रकृतिका भुक्तानीहरु अर्को आ.व. २०८०।०८१ मा भुक्तानी हुन बाँकी विवरण प्रमाणित गर्न नसकिने साथै सो को लागि थप बजेट समेत उपलब्ध नभएकोले सो सम्बन्धमा महालेखा नियन्त्रकको कार्यालय अनामनगर काठमाडौंलाई ध्यानाकर्षण गराउने र कुनै सुनुवाई नभएमा माथि उल्लिखित भुक्तानीहरुको रकम चालु तथा पुंजीगत खर्च खाताबाट विविध खर्च खातामा ट्रान्सफर गरी भुक्तानी दिने र सोही अनुसार हिसाब मिलान गर्ने।

२. गाउँपालिकाको रिक्त दरबन्दीमा तपसिल बमोजिमको पद, तह र संख्यामा सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने।

<u>तपसिलः</u>

| क्र.सं. | पद | तह | सङ्ख्या |
|---|---|---|---|
| १. | मेडिकल अधिकृत | आठौं | १ |
| २. | हेल्थ असिस्टेन्ट | पाँचौं | ३ |
| ३. | स्टाफ नर्स | पाँचौं | २ |
| ४. | अ.हे.व. | चौथो | १ |
| ५. | अ.न.मी. | चौथो | २ |
| ६. | नगर प्रहरी | - | ३ |
| ७. | हलुका सबारी चालक | - | १ |
| ८. | कार्यालय सहयोगी | - | १ |

३. सामाजिक विकास समितिका संयोजक श्री लक्ष्मण प्रजाले पेश गर्नु भएको "बीऊ पूँजी परिचालन निर्देशिका, २०८०" पारित गर्ने।

२०८०।३।२६.

गाउँपालिका अध्यक्ष